**REGIONAL NEWS UNIT**

**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETIN**

**BROADCAST:18:40hrs** **Date:30.04.2024**

---

## Lok sabha polls

देशमा लोकसभा चुनाउको तेस्रो चरणको प्रचार अभियान तीव्र भएको छ।

विभिन्न राजनीतिक दलका नेता तथा प्रमुख प्रचारकहरूले लगातार जनसभा र र्‍याली आयोजन गरिरहेछन्।

यस चरणमा दस राज्य र दुई केन्द्र शासित प्रदेशहरूमा सात मईका दिन मतदान हुनेछ।

---

## Postal ballots pakyong

यता राज्यका विभिन्न जिल्लामा डात मतपत्रहरू प्राप्त गर्ने प्रक्रिया अन्तर्गत आज पाकिम जिल्लालाई थप उन्नाइसवटा डाक मतपत्रहरूलाई सम्वन्धित विधानसभा समस्टिको आधारमा छुटयाएर चुनाउ प्रक्रियाको नियम अनुरूप सुरक्षित रूपमा राखिएको छ।

जिल्लामा अहिलेसम्म प्राप्त भएका मतपत्रहरूको संख्या दुइ सय चौंतिस पुगेको छ।

---

## Postal ballots

यसैवीच सोरेङ जिल्लामा आज प्राप्त भएका सेवा मतदाताहरूका डाक मतपत्र नोडल अधिकारीलाई हस्तान्तरण गरियो।

यस अवसरमा जिल्लाधीश तथा जिल्ला निर्वचन अधिकारी सुश्री यिस्से डी योङडा, महकुमा अधिकारी (मंगलवारे) र विभिन्न राजनीतिक पार्टीका चुनाउ एजेन्टहरूको उपस्थिती थियो।

भारतको चुनाउ आयोगको मानदण्ड अनुरूप सबै मतपत्रहरूलाई सीलबन्द गरी सोरेङ जिल्ला प्रशासनिक केन्द्रमा स्थापित स्ट्रङ रूममा राखिएको छ।

सोह्र अप्रेलदेखि अहिलेसम्म जिल्ला अधिनका चार समस्टिवाट जम्मा एक सय बाइसवटा मतपत्रहरू प्राप्त भएका छन्।

---

## Destination committee meeting

स्वदेश दर्शन 2.0 अन्तर्गत गन्तब्य प्रवन्धन समितिको एउटा महत्वपूर्ण बैठक गेजिङ जिल्ला प्रशासनिक केन्द्र राब्देन्चीमा आज बस्यो।

गेजिङमा पर्यटन विकासको रणनीति तयार पार्न यसको आयोजना गरिएको थियो। बैठकमा पर्यटन पूर्वोधार बढ़ाउने, ढिगो पर्यटनको अब्यास पूर्वाधार बढाउने, ढिगो पर्यटनको अभ्यास र कौशल विकासका पहलहरू माथि ध्यान दिनुपर्ने विषयहरूवारे चर्चा गरियो।

यसको अध्यक्षता गर्दै जिल्लाधीश श्री एम भरनी कुमारले सबै सम्वन्धित अधिकारीहरूलाई थाँतीमा रहेका मामिलाहरूलाई प्राथमिकता दिने निर्देश दिनुभएको छ।

बैठकमा भावी पहलहरू संसकृति, धरोहर र प्रकृति जस्ता विषयहरूमा खुल्ला फोटो तथा भिडियो प्रतियोगिता आयोजन गर्ने र स्वच्छता अभियानवारे पनि जानकारी दिइयो।

---

**Pre monsoon preparedness meeting**

नाम्ची जिल्ला प्रशासनिक केन्द्रमा हिजो वर्षा याम पूर्वको तयारी बैठक बस्यो।

जिल्ला आपदा प्रवन्धन प्राधिकरणले डाकेको बैठकको अध्यक्षता गर्दै जिल्लाधीश श्रीमती अन्नपूर्ण आलेले सम्वन्धित विभागहरूको सम्पूर्ण तयारीवारे जानकारी लिनुभयो।

उहाँले अधिक्रीहरूलाई सही योजना तयार पारेर आपदा नियन्त्रणका उपायहरू गर्ने परामर्श दिनुभएको छ।

आफ्नो वक्तव्यमा अतिरिक्त जिल्लाधीश मुख्यालय श्री सुवास घिमिरेको वर्खाको समयमा सड़कहरूको उचित र आपतकालको समयमा बैकल्पिक मार्गको व्यवस्था गरिनुपर्ने खाँचोमाथि जोड़ दिनुभयो।

बैठकमा वर्षा याममा विशेष गरी डेंगी, मलेरिया र पानीवाट उत्पन्न हुने रोगहरूको वृध्दि हुने भएकाले स्वास्थ्य समस्या तथा महामारीको खतरा जस्ता विषयहरूवारे पनि चर्चा भयो।

---

**UGC NET**

विश्वविद्यालय अनुदान आयोग रास्ट्रिय पात्रता परीक्षा यूजीसी नेट अब यसै वर्ष अठार जूनमा हुनेछ।

यो , सोह्र जूनमा आयोजित हुनुपर्ने थियो।

विश्वविद्यालय अनुदान आयोगले उम्मेदवारहरूको प्रतिक्रियापछि यस्तो निर्णय लिएको छ।

यूजीसी नेट, विश्वविद्यालय र महाविद्यालयहरूमा जूनियर रिसर्च फेलोसिप तथा सहायक प्रोफेसर की नियुक्तिका लागि पात्रता परीक्षा हो।

---

**Seasonal influenza**

केन्द्रले राज्यहरूमा मौसमी इन्फलूएंजाको नजीकवाट निगरानी गरिरहेछ।

अमेरिकाका विभिन्न राज्यहरूमा गाईबस्तु र दूधमा एभियन इन्फलूएंजा भाइरसको पत्तो लागेको रिपोर्टनीच केन्द्रीय स्वास्थय मन्त्रालयले गर्न राज्य र केन्द्रशान्ति प्रदेशहरूसित एउटा समीक्षा बैठक गरेको थियो। तथापि अहिलेसम्म देशका कुनै पनि भागमा मौसमी फूलका मामिलाहरूमा कुनै असामान्य चिन्ताजनक वृध्दि भएको छैन्।

---

**New navy chief**

एडमिरल दिनेश कुमार त्रिपाठीले आज देशका नौसेना प्रमुखको पढभार सम्हाल्नुभयो।

उहाँले एडमिरल आर हरि कुमारको स्थान लिनुभएको छ।

नयाँ दिल्लीमा सम्वाददाताहरूसित कुराकानी गर्दै एडमिरल त्रिपाठीले भन्नुभयो भारतीय नौसेना समद्री मार्गद्वारा हुने सम्भावित युध्दको स्थितिका लागि सदैव तयार रहन आवश्यक छ।

श्री त्रिपाठीले जोड़ दिंदै भन्नुभयो उहाँले नयाँ प्रौद्योगिकीहरूको प्रयोगद्वारा अझै विकासका लागि आत्मनिर्भरतासित नौसेनाका वर्तमान प्रयासहरूलाई सुदृढ़ बनाउनुहुनेछ।

एडमिरल त्रिपाठीलाई कर्तव्यप्रति निस्ठा र समपर्णका लागि अति विशिस्ट सेवा पदक र नौसेना पदक प्रदान गरिसकिएको छ।

---